# कुश्मा नगरपालिकाको विनियोजन विधेएक, २०८३

कुश्मा नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

नगर सभामा पेश गरेको मितिः २०८३/०३/०७

प्रस्तावनाः कुश्मा नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कुश्मा नगर सभाले यो ऐन वनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"कुश्मा नगरपालिकाको विनियोजन ऐन,२०८३"** रहेको छ ।
(२) यो ऐन संवत् २०८३ साल श्रावण १ गते देखि लागू हुनेछ ।

**२. आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. ८७,९९,००,०००।- (अक्षेरुपी सतासी करोड उनान्सय लाख चालिस हजार)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त कुश्मा नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

**दफा २ सँग सम्वन्धित**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**(वजेट रु. हजारमा)**

| क्र. सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | | नगर कार्यपालिका | १५,७५,०० | १०,७४,०० | ० | २६,४९,०० |
| २ | | वडा समिति | ७०,०० | ७,५०,०० | ० | ८,२०,०० |
| ३ | | विषयगत शाखा | ४९,६९,०० | ३,६१,०० | ० | ५३,३०,०० |
| **कुल जम्मा** | | | **६६,१४,००** | **२१,८५,००** | **०** | **८७,९९,००** |

**अनुसूचि-२**

**आय विवरणः**

| सि. नं. | विवरण | अनुमानित आय रु. |
|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | १२,३६,००,००० |
| २ | गण्डकी प्रदेश समानीकरण अनुदान | १,६८,२५,००० |
| ३ | नेपाल सरकार राजश्व वाँडफाँट | १०,२३,२०,००० |
| ४ | नेपाल सरकार राजश्व वाँडफाँट (विद्युत रोयल्टी) | ५०,००,००० |
| ५ | प्रदेश सरकार राजश्व वाँडफाँट (सवारीकर) | १,०६,०८,००० |
| ६ | स्थानीय राजश्व वाँडफाँड (मालपोत रजिष्ट्रेशन दस्तुर) | २,००,००,००० |
| ७ | स्थानीय राजश्व वाँडफाँड (दहत्तर वहत्तर निकासीकर) | ३,५०,००,००० |
| ८ | आन्तरिक स्रोत (गत वर्षको मौज्दात समेत) | ७,८९,४७,००० |
| **नगरसभावाट वाँडफाँड योग्य कुल जम्मा** | | **३९,२३,००,०००** |
| ९ | नेपाल सरकार शसर्त अनुदान चालु | ४५,१५,००,००० |
| १० | नेपाल सरकार शसर्त अनुदान पुँजीगत | ३०,००,००० |
| ११ | नेपाल सरकार समपुरक अनुदान | २६,००,००० |
| १२ | नेपाल सरकार विशेष अनुदान | २,०५,००,००० |
| १३ | प्रदेश सरकार विशेष अनुदान | ४०,००,००० |
| १४ | प्रदेश सरकार समपुरक अनुदान | ६०,००,००० |
| **नेपाल सरकार र प्रदेश सरकारवाट हस्तान्तरित जम्मा** | | **४८,७६,००,०००** |
| **कुल जम्मा आय रु.** | | **८७,९९,००,०००** |